# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडाले नेपाल बैंक लिमिटेड व्यवस्थापन समितिका नवनियुक्त संयोजक प्रा.डा. देवराज अधिकारीलाई आज एक समारोहका बीच पद तथा गोपनीयताको सपथ ग्रहण गराउनु भयो ।



सपथ ग्रहण कार्यक्रमपछि नेपाल बैंक लिमिटेडको वर्तमान अवस्था र चुनौतीका विषयमा सङ्क्षिप्त प्रकाश पार्दै गभर्नर डा. खतिवडाले इतिहास बोकेको बैंकलाई अत्याधुनिक बनाउन अझै थुप्रै काम गर्न बाँकी रहेको बताउनु भयो । बैंकको मानव स्रोतलाई आगामी दिनमा पूर्ण क्षमतामा परिचालनको आवश्यकता औंल्याउँदै डा.खतिवडाले नवनियुक्त संयोजकलाई कार्यकालको सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो ।

सपथ ग्रहण पछि संङ्क्षिप्त प्रतिक्रिया दिँदै नवनियुक्त संयोजक प्रा.डा. अधिकारीले नेपाल बैक लिमिटेडले प्रस्तुत गरेको पूँजी योजना समयमै कार्यान्वयन गर्न पहल गर्ने, बैकमा उपलब्ध मानव संशाधनको सुदृढीकरण गर्दै प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने, ऐतिहासिक बैंकको मर्यादालाई कायम गर्दै आधुनिकीकरणका लागि जोड दिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नवनियुक्त संयोजक प्रा.डा. अधिकारी हाल त्रिभुवन विश्व विद्यालय, व्यवस्थापन केन्द्रीय विभागका विभागीय प्रमुख हुनुहुन्छ । २०४० सालदेखि उक्त विभागमा प्राध्यापनरत श्री अधिकारीले Human Resource Management मा Leopold Franzens-University, Innsbruk Austria बाट सन् 1992 मा विद्यावारिधि हासिल गर्नुभएको छ । व्यवस्थापनमा एम.फिल कार्यक्रमका निर्देशक समेत रहेका अधिकारी व्यवस्थापन क्षेत्रका ख्यातिप्राप्त व्यक्तित्व हुनुहुन्छ ।

नव नियुक्त अधिकारीलाई *समाचार* हार्दिक शुभकामना ज्ञापन गर्दछ ।

मिति: २०६८ पुस १४ गते बिहीबार

गभर्नरको कार्यालय